प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बागमती प्रदेश कार्यालय

हेटौंडा, मकवानपुर

## प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रमको वर्गिकृत (निःशुल्क) छात्रवृत्ति तर्फ भर्ना प्रकृयाको नतिजा प्रकाशन सम्बन्धी अत्यन्त जरुरी सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०७८/०९/१४

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०७८/०८/०८ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना वमोजिम शैक्षिक शत्र २०७८/०७९ का लागि प्रमाणपत्र तह नर्सिङ्गको वर्गिकृत -निःशुल्क) छात्रवृत्ति छनौटका लागि तोकिएको मिति र समयभित्र Online फाराम भरेका योग्य आवेदकहरु मध्येबाट डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७७ (चौथो संशोधन २०७८) तथा उल्लेखित सूचना अनुसार योग्यताक्रम तोकी नतिजा प्रकाशित गरिएको व्यहोरा सूचित गरिन्छ । वर्गिकृत (निःशुल्क) छात्रवृत्तिमा छनौट भएका मुख्य प्रशिक्षार्थीहरुले सिफारिस गरिएको शिक्षण संस्थामा मिति २०७८/०९/२८ गते सम्म कार्यालय समयभित्र आफ्नो शैक्षिक योग्यता, नागरिकता, आफू वर्गिकृत छात्रवृत्तिको जुन समूहमा छनौट भएको हो सो को सक्कल प्रमाणपत्रहरु र Online छात्रवृत्ति छनौट आवेदन फाराम भर्दा प्राप्त भएको प्रवेश पत्र सहित भर्ना भै सक्नु पर्ने छ । सम्बन्धित शिक्षण संस्थाहरुले यसै सूचनालाई आधार मानी उल्लेखित सूचना तथा निर्देशिका वमोजिम प्रशिक्षार्थीहरु भर्ना गर्नु गराउनु हुन र तोकिएको मिति तथा समयभित्र भर्ना हुन नआई रिक्त रहेको अवस्थामा रिक्त कोटा, भर्ना हुन नआएको प्रशिक्षार्थीको नाम, अनुमति नं, वर्गिकृत छात्रवृत्तिको समूह समेत उल्लेख गरी ३ (तीन) दिन भित्र यस कार्यालयको इमेल ठेगाना exam@ctevtbagmati.org.np र सो को बोधार्थ परिषद्, परीक्षा नियन्त्रण कार्यालय (oce.ctevt@gmail.com) मा अनिवार्य रुपमा पठाउनु हुन समेत अनुरोध छ । प्रकाशित नतिजा यस कार्यालयको Website: www.ctevtbagmati.org.np तथा परिषद्को Website: www.ctevt.org.np मा हेर्न सकिनेछ ।

निर्देशक